# NIBL Sahabhagita Fund

## Frequently Asked Questions (FAQs)

('NIBL Sahabhagita Fund' -an Open Ended Mutual Fund Scheme)

## बारम्बार सोधिराखिने प्रश्नहरु :

**'एनआईबिएल सहभागीता फण्ड' -एक खुलामुखी सामूहिक लगानी कोष योजना**

### 1) What is Mutual Fund?

A Mutual Fund is a trust that pools the savings of a number of investors who share a common financial goal. The corpus of the fund is then deployed in investment alternatives (these could be equities, debentures / bonds or money market instruments, bank deposits etc.) that help to meet predefined investment objectives. The net incomes earned through these investments are shared by its unit holders in proportion to the number of units they own.

**१. सामूहिक लगानी कोष भनेको के हो ?**

सामूहिक लगानी कोष भन्नाले समान वित्तीय उद्देश्य भएका स–साना लगानीकर्ताहरुबाट लगानी योग्य रकम संकलन गरी ठुलो कोषको रुपमा सो रकमलाई दक्ष तथा अनुभवि व्यवस्थापकको प्रत्येक्ष निगरानीमा विभिन्न वित्तिय उपकरणहरु (जस्तै : शेयर, डिबेन्चर, मुद्दती निक्षेप आदि) मा लगानी गरी लगानीकर्ताहरुलाई जोखिम न्युनिकरण गर्दै समुचित प्रतिफल दिन सक्ने एक वित्तिय औजार भन्ने बुझिन्छ ।

### 2) What is Open-Ended Mutual Fund?

Open Ended Mutual Funds, which are obliged to buy back their units from holders on a regular (usually "daily") basis. These funds can issue and redeem units, allowing investors to invest in or divest from the fund. Net asset value (NAV) is the basis of the price at which investors buy or sell units. This means that investors do not have to search for a seller of a unit in a mutual fund in the market. Instead the investors can purchase the unit directly from the fund, usually through the fund management company. Conversely, the holder of a share in a mutual fund does not have to look for a buyer but can sell it directly to the mutual fund.

Fund size of this kind of mutual funds may change that when an investor purchases mutual fund units, the size of the fund increases, and when an investor redeems units, the size of the fund decreases.

**२. खुलामुखी सामूहिक लगानी कोष योजना भनेको के हो ?**

विभिन्न प्रकारको सामूहिक लगानी कोष योजनाहरु मध्ये खुलामुखी योजना पनि एक हो । खुलामुखी योजनालाई अल्पकालिन तथा दिर्घकालिन उद्देश्यका साथ लगानी गर्ने एक वित्तिय उपकरणको रुपमा बुझ्न सकिन्छ । साथै, यस प्रकारको योजना

# NIBL Sahabhagita Fund

बन्दमुखी योजना जस्तो निश्चित समय अबधिमा परिपक्क हुने नभई निरन्तर संचालनमा रहिरहने हुन्छ जसले गर्दा लगानीकर्ताहरुले यस किसिमको योजना मार्फत आफ्नो दिर्घकालीन वित्तिय लक्ष्य प्राप्त गर्न सहज हुन्छ ।

यस्ता प्रकारको योजनाका ईकाइहरु दैनिक रुपमा निर्धारण भएको प्रति ईकाइ खुद सम्पत्ति मूल्यमा खरिद/बिक्रि हुने हुँदा लगानीकर्ताहरुले आफुले चाहेको समयमा ईकाइहरु योजना व्यवस्थापक वा तोकिएको वितरक केन्द्रहरु मार्फत सजिलै रुपमा खरिद/बिक्री गर्न सकिने हुँदा खरिदकर्ता/बिक्रिकर्ता खोजिरहनुपर्ने झंझटबाट लगानीकर्ता मुक्त हुन्छन् भने यस्ता योजनाहरुको आकार समेत परिवर्तनीय हुन्छ, जस्तो लगानीकर्ताहरुले ईकाइहरु खरिद गरेमा योजनको आकार बढेर ठुलो हुँदै जान्छ भने बिक्री गरेमा योजनाको आकार घटेर सानो हुँदै जान्छ ।

## 3) What is 'NIBL Sahabhagita Fund'?

"NIBL Sahabhagita Fund" -an Open Ended Mutual Fund Scheme, has been designed under the NIBL Mutual Fund as the first ever Open Ended Mutual Fund Scheme after implementation of the Mutual Fund Regulations, 2067 and Mutual Fund Guidelines, 2069 issued by SEBON. The main objectives of the scheme are to encourage the conversion of savings into investments regularly and to provide steady returns to unit-holders over the long period of time.

## ३. के हो 'एनआईबिएल सहभागीता फण्ड' ?

'एनआईबिएल सहभागीता फण्ड', नेपाल धितोपत्र बोर्डले जारी गरेको सामुहिक लगानी कोष नियमावली, २०६७ लागु भए पश्चात नेपालकै पहिलो खुलामुखी सामूहिक लगानी कोषको योजना हो । यो योजना निष्काशनको लागि नेपाल धितोपत्र बोर्डबाट मिति २०७६/०१/०९ गते स्वीकृती प्राप्त गरी एनआईबिएल म्युचुअल फण्ड अर्न्तगत नेपाल ईन्भेष्टमेन्ट बैंक लि. कोष प्रबर्द्धक तथा एनआईबिएल एस क्यापिटल लि. को कोष व्यवस्थापक रही योजनाका ईकाइधनीहरुको हित र जोखिमलाई संरक्षण गर्दै समुचित प्रतिफल प्रदान गर्ने उद्देश्यका साथ संचालनमा रहेको छ ।

## 4) What are the benefits of investing in 'NIBL Sahabhagita Fund'?

## ४. 'एनआईबिएल सहभागीता फण्ड' मा लगानी गर्नुका फाइदाहरु के कस्ता रहेका छन् ?

- **Professional Management :**
  Your money is managed by experienced fund managers, who are experts in their field, after much solid research and in-depth study.

**क) व्यवसायिक व्यवस्थापन :**

दक्ष तथा अनुभवि विशज्ञहरुद्वारा अनुसन्धान र गहन अध्ययनमा आधारित भई ईकाइधनीहरुको हित र सुविधालाई मध्ये नजर गर्दै कोषको परिचालन गरिन्छ ।

- **Regular Monitoring:**
  Your investments are monitored on an ongoing basis for best returns.

# NIBL Sahabhagita Fund

**ख) निरन्तर निगरानी :**

ईकाइधनीहरुलाई समुचित प्रतिफल दिने उद्देश्यले योजनाले गरेको लगानीहरुको निरन्तर निगरानी गर्दै जोखिम न्यूनिकरण गरिन्छ ।

- **Research:**
  A thorough study is made before investing. Market conditions, global trends, industry growth predictions, Company profile, financials, growth potential, technical analysis etc. are considered while mobilizing the fund.

**ग) अनुसन्धानमुलक लगानीः**

कोष परिचालन गर्नु पूर्व योजना ब्यबस्थापकले आधारभूत, मौलिक तथा प्राविधिक अनुसन्धान तथा अध्ययन गरेर मात्र योजनाको रकम परिचालन गर्ने गरिन्छ ।

- **Liquidity:**
  'NIBL Sahabhagita Fund' is priced at applicable NAV on daily basis and is always willing to buy back units from investors. This means that investors can sell their investments anytime without worrying about finding a buyer at the right price.

**घ) तरल उपकरणः**

लगानीकर्ताहरुले आफुले चाहेको समयमा चाहेको ईकाइहरु योजना व्यवस्थापक वा तोकिएको वितरक केन्द्रहरु मार्फत सहज रुपमा खरिद/बिक्री गर्न सकिने भएकोले यस योजनालाई तरल वित्तिय उपकरणको रुपमा लिन सकिन्छ ।

- **Diversification:**
  'NIBL Sahabhagita Fund' aims to minimize risk through diversification by investing in equities, debentures/bonds, money market instruments, bank deposits, other sectors prescribed by SEBON etc. and you can achieve diversification that would have otherwise not been possible.

**ङ) विविधिकरणः**

योजनाले बजारमा रहेका विभिन्न किसिमका वित्तिय औजारहरु जस्तै शेयर, डेवेञ्चर/वण्ड, बैंक मुद्धत्ती, र नेपाल धितोपत्र बोर्डले तोके बमोजिमका क्षेत्रहरुमा लगानी गरी विविधिकरणको माध्यमद्धारा जोखिम न्युनिकरण गर्दछ ।

- **Transparency:**
  Price of 'NIBL Sahabhagita Fund' is declared and published daily and you have right to get every information about the scheme anytime from our website.

**च) पारदर्शीताः**

लगानीकर्ताहरुले योजनाले गरेका सम्पुर्ण लगानीहरुको जानकारी पारदर्शी रुपमा बिभिन्न माध्यमबाट प्राप्त गर्न सक्नेछन् ।

- **Regulated industry:**
  'NIBL Sahabhagita Fund' is registered with SEBON and they regulate mutual fund industry under strict regulations designed to protect the interests of investors.

**छ) नियमन क्षेत्र :**

यस सामूहिक लगानी कोषका योजनाको नियमन गर्ने निकाय नेपाल धितोपत्र बोर्ड रहेकोले बोर्डबाट जारी गरेको ऐन, नियमावली, निर्देशिकाको अधिनमा रहि योजना संचालन गरिने हुँदा लगानीकर्ताहरुको हित संरक्षण हुनेमा लगानीकर्ताहरु विश्वस्त हुने हुन्छ ।

- **Tax Benefits:**
  Tax benefits are being currently proposed to the Nepalese Government.

**ज) कर लाभ :**

सामूहिक लगानी कोषका लगानीकर्ताहरुलाई नेपाल सरकारबाट कर छुट दिने व्यवस्था भए सँगै लगानीकर्ताहरुले यस योजनामा लगानी गरी कर लाभ लिन सक्नेछन् ।

## 5) What are the investment options that 'NIBL Sahabhagita Fund' offers?

Investors have various investment needs and to meet these needs, 'NIBL Sahabhagita Fund' offers various investment plans like;

## ५. 'एनआईबिएल सहभागीता फण्ड' ले के कस्ता लगानीका विकल्पहरु दिने गर्दछ ?

लगानीकर्ताहरुले सधैं नै लगानीका लागि उपयुक्त विकल्पहरुको खोजी गरीरहेका हुन्छन्, यसै बिच 'एनआईबिएल सहभागीता फण्ड' ले यस योजनामा लगानी गर्न निम्न प्रकारका विकल्पहरु प्रदान गरेको छ ।

- **Systematic Investment Plan (SIP):**
  Investors are given the option of giving post-dated cheques or debit instruction slip or bank deposit voucher or bank standing instruction in favour of the 'NIBL Sahabhagita Fund' amounting the pre-defined amount. The investor is allotted units on a pre-determined date specified the investors at the applicable NAV. No charges or penalties shall be borne for the cancellation or delay in payment of this plan.

# NIBL Sahabhagita Fund

**क) व्यवस्थित लगानी योजना :**

यस योजनामा लगानी गर्न चाहने लगानीकर्ताहरुले व्यवस्थित लगानी योजना मार्फत पूर्व निर्धारित लगानी योग्य रकमलाई नियमित समयको अन्तरालमा लगानी गर्न सक्छन् । यसका लागि लगानीकर्ताहरुले समय अन्तराल, रकम र रकम भुक्तानी गर्ने माध्यम निर्धारण गर्नु पर्ने हुन्छ र योजना व्यस्थापकले सो अवधिमा आवश्यक प्रकृया पुरा गरी नियमित इकाईहरुको खरिद गर्दिने गर्दछ । उक्त लागनी योजना नियमित गर्न नचाहेमा लगानीकर्ताले बिना कुनै शुल्क नियमित नगर्न समेत सकिनेछ । साथै, नियमित रुपमा विभिन्न मुल्यमा निरन्तर इकाईहरुको खरिद गरिने हुनाले औसत लगानी मुल्य समायोजन भई लगानीको लागत मुल्य नै कम भई उच्च प्रतिफलको सम्भावना बढेर जान्छ ।

- **Dividend Re-investment Plan (DReP):**
  'NIBL Sahabhagita Fund' may declare the dividend annually and the unit-holders are given the option of re-investing the dividend in purchasing additional units of the scheme.

**ख) वार्षिक प्रतिफल पुनः लगानीको विकल्प :**

यस योजनाले इकाईधनीहरुलाई योजनाले आर्जन गरेको मुनाफाको आधारमा बार्षिक रुपमा मुनाफा वितरण गर्न सक्ने सम्भावना रहेको हुन्छ । यसरी मुनाफा वितरण गर्दा इकाईधनीहरुको सहमतिका आधारमा इकाईधनीहरुले पाउने मुनाफा रकम बराबर सोही योजनाको अरु थप इकाई खरिद गर्न सक्ने विकल्प प्रदान गर्दछ ।

- **Systematic Withdrawal Plan (SWP):**
  Investors are given the option to withdraw a pre-determined amount/units from their investment at a pre-defined time interval. The investor's units will be redeemed at the applicable NAV as on that day.

**ग) व्यवस्थित लगानी फिर्ता योजनाः**

यस योजनामा लगानीकर्ताहरुले आफुले गरेका लगानीलाई व्यवस्थित ढंगले नियमित समय अन्तरालमा फिर्ता लिएर जान सक्ने विकल्प समेत रहेको हुन्छ । सरल भाषामा भन्नु पर्दा यस योजना अन्तर्गत लगानीकर्ताहरुले आफुले लगानी गरेको एकमुष्ठ रकमलाई आफ्नो आवश्यकता अनुसार पूर्व निर्धारित समय अन्तरालमा नियमित रुपमा फिर्ता लिएर जान सक्ने विकल्प हो ।

उदाहरणका लागी कुनै एक लगानीकर्ताले यस योजनामा जम्मा रु.एक लाख लगानी गरेकोमा उसले नियमित मासिक रु.१० हजार फिर्ता लिएर जाने सहमति गरेको छ भने उसले आफ्नो लगानी रकम रु.एक लाख मध्ये हरेक महिना रु.१० हजार फिर्ता लिएर जान सक्ने सुबिधा प्राप्त गर्दछ । यो किसिमको सुबिधाको प्रमुख उद्देश्य भनेको लगानीकर्ताहरुको नियमित रुपमा आउने कुनै वित्तिय आवश्यकतालाई व्यवस्थित ढंगले व्यवस्थापन गर्नु नै हो । यसर्थ, यस्तो सुविधा मार्फत लगानीकर्ताहरुले भविष्यमा आई पर्न सक्ने वित्तिय आवश्यकता सहजै पुरा गर्न सक्दछन् ।

# NIBL Sahabhagita Fund

## 6) Is return from 'NIBL Sahabhagita Fund' guaranteed?

'NIBL Sahabhagita Fund' does not offer guaranteed returns to the investors but it may distribute distributable returns annually at the end of the fiscal year as declared by Fund Manager.

### ६. के 'एनआईबिएल सहभागीता फण्ड' ले निश्चित प्रतिफलको प्रत्याभुत गर्दछ ?

'एनआईबिएल सहभागीता फण्ड' ले लगानीकर्ताहरुलाई निश्चित प्रतिफलको प्रत्याभुत गर्दैन् तर हरेक आर्थिक बर्षको अन्तमा कायम भएको मुनाफाको आधारमा बाँड्न मिल्न सक्ने मुनाफालाई योजना व्यवस्थापकको निर्णयद्धारा बार्षिक रुपमा समुचित प्रतिफल भने दिन सक्दछ ।

## 7) Are units of 'NIBL Sahabhagita Fund' listed in NEPSE?

The units of 'NIBL Sahabhagita Fund' are not listed in Nepal Stock Exchange (NEPSE) or any stock exchange; the trading is facilitated through various distribution outlets appointed by the fund manager.

### ७. के 'एनआईबिएल सहभागीता फण्ड' का ईकाइहरु नेप्से (NEPSE) मा सूचिकरण हुन्छ ?

"एनआईबिएल सहभागीता फण्ड" का ईकाइहरु नेप्से (NEPSE) वा अन्य कुनै स्टक एक्सचेञ्जमा सूचिकरण हुदैन् तर सिडिएस एण्ड क्लियरिङ्ग लि. (CDS & Clearing Ltd.) र नेपाल धितोपत्र बोर्डमा भने योजनाका ईकाइहरु सूचिकरण हुने गर्दछ। यो योजनाको इकाईहरु नेप्से (NEPSE) वा अन्य कुनै स्टक एक्सचेञ्जमा सूचिकरण नभएता पनि कोष ब्यबस्थापकको कार्यालयहरु तथा तोकिएको वितरक केन्द्रहरुबाट आफुले चाहेको समयमा खरिद/बिक्री भने गर्न सकिन्छ ।

## 8) From where the investors can trade the units of 'NIBL Sahabhagita Fund'?

The investors can trade (re-purchase/redeem) the units of NIBL Sahabhagita Fund from all distribution outlets appointed by Fund Manager. The units are not traded in stock exchange like other securities are traded in NEPSE.

### ८. 'एनआईबिएल सहभागीता फण्ड' का ईकाइहरु कहाँबाट कारोवार हुने गर्दछ ?

"एनआईबिएल सहभागीता फण्ड" का ईकाइहरु योजना व्यवस्थापकको कार्यालय तथा योजना व्यवस्थापकले तोकेका वितरक केन्द्रहरु मार्फत कारोबार हुने गर्दछ। यस योजनाका ईकाइहरु अन्य शेयरको जसरी स्टक ब्रोकरहरु मार्फत कारोवार हुँदैन् ।

## 9) What is the lock-in period for 'NIBL Sahabhagita Fund'?

There is a lock-in period of 3 months from the date of allotment of units purchased through New Fund Offerings (NFO), but no lock-in period will be applicable to units re-purchased from distribution outlets.

**९."एनआईबिएल सहभागीता फण्ड" का ईकाइहरु खरिद/बिक्रि गर्न लक-ईन अवधि (Lock-In Period) कति रहेको हुन्छ ?**

'एनआईबिएल सहभागीता फण्ड' का ईकाइहरु खरिद/बिक्रि गर्न त्यस्तो कुनै लक-ईन अवधि (Lock-In Period) हुदैन् । इकाईधनीहरुले आफुले चाहेको समयमा आवश्यक प्रकृया पुरा गरी ईकाइहरु खरिद/बिक्रि गर्न सक्नेछन् ।

**10) What are the charges that investors should pay to re-purchase/redeem of the units?**

The following charges shall be applicable to the investors to re-purchase/redeem the units of 'NIBL Sahabhagita Fund';

**Entry Load (Applicable for Re-purchase of Units)**: None.

**Exit Load (Applicable for Redemption of Units):**

- @ 1.5% of applicable NAV within 6 months of purchase
- @ 1.25% of applicable NAV within 6-12 months of purchase
- @ 1% of applicable NAV within 12-18 months of purchase
- @ 0.75% of applicable NAV within 18-24 months of purchase
- No exit load to be levied after 2 years of purchase

**DP Fee** : Applicable charges as per CDS Bylaws.

**SEBON Fee** : Applicable fee as per Mutual Fund Regulations and Guidelines.

**१०. 'एनआईबिएल सहभागीता फण्ड' का ईकाइहरु कारोवार गर्दा के कस्ता शुल्कहरु लाग्ने गर्दछ ?**

"एनआईबिएल सहभागीता फण्ड" का ईकाइहरु कारोवार गर्दा निम्म बमोजिमको शुल्कहरु लाग्ने गर्दछ :

**क) इकाई खरिद गर्दा लाग्ने शुल्क** : लागु नहुने ।

**ख) इकाई बिक्री गर्दा लाग्ने शुल्क** : लागु हुने खुद सम्पत्ति मूल्यको :

ईकाइ खरिद गरेको मितिले ६ महिना सम्ममा १.५% का दरले ।

ईकाइ खरिद गरेको मितिले ६ देखि १२ महिना सम्ममा १.२५% का दरले ।

ईकाइ खरिद गरेको मितिले १२ देखि १८ महिना सम्ममा १% का दरले ।

ईकाइ खरिद गरेको मितिले १८ देखि २४ महिना सम्ममा ०.७५% का दरले ।

ईकाइ खरिद गरेको मितिले २४ महिना पश्चात कुनै शुल्क नलाग्ने ।

(माथि उल्लेखित शुल्क बिक्रि मूल्यमा कट्टा गरि बाँकी रकम प्रदान गरिनेछ ।)

**ग) निक्षेप सदस्य शुल्क** : रु.५ प्रति कारोवार ।

**घ) सेबोन शुल्क** : म्युचुअल फण्ड नियम र दिशानिर्देश अनुसार लागु शुल्क ।

**What is the Price of 'NIBL Sahabhagita Fund'?**

Initially units are sold at par value of Rs. 10 per units through New Fund Offerings (NFO) and the scheme allows investors to re-purchase/redeem at applicable NAV determined by fund manager on daily basis.

**११. "एनआईबिएल सहभागीता फण्ड" को मूल्य निर्धारण कसरी हुने गर्दछ ?**

यस योजनाको मूल्य निर्धारण बजारको माग र आपुर्तिको आधारमा नभई योजनाको खूद सम्पती मूल्य (Net Asset Value-NAV) को आधारमा हुने गर्दछ । सुरुमा निश्कासित इकाईहरु प्रति इकाई रु.१०/– मा बिक्रि गरी बाँडफाड गरिसके पश्चात दैनिक रुपमा योजना व्यवस्थापकले उक्त योजनाको नेपाल धितोपत्र बोर्डले तोकिदिएको मापदण्ड बमोजिम खूद सम्पति मूल्य निर्धारण गर्दछ र सोही दैनिक प्रति इकाई खूद सम्पति मुल्यमा इकाईको करोबार हुने गर्दछ । उदाहरणका लागी योजनाको इकाईहरु पुनः खरिद तथा बिक्रि खुला भए पश्चात कुनै एक दिन (मानौं २०७६ असार २५ गते) को खूद सम्पति मूल्य प्रति इकाई रु.११/– निर्धारण भएको छ भने पछिल्लो दिन (२०७६ असार २६ गते) सोहि निर्धारित खूद सम्पति मूल्यमा लगानीकर्ताहरुले बिना झंझट इकाईहरु खरिद/बिक्री गर्न सक्नेछन् ।

**11) From where the investors can obtain Price of 'NIBL Sahabhagita Fund'?**

The investors can obtain the price of 'NIBL Sahabhagita Fund' (daily applicable NAV) from the fund manager's office, various distribution outlets, webpage of fund manager and different print media.

**१२. "एनआईबिएल सहभागीता फण्ड" को दैनिक रुपमा निर्धारित खूद सम्पत्ति मूल्य कहाँबाट प्राप्त गर्न सकिन्छ ?**

लगानीकर्ताहरुले "एनआईबिएल सहभागीता फण्ड" को दैनिक रुपमा निर्धारित खूद सम्पत्ति मूल्य योजना व्यवस्थापकको कार्यालयहरु, वितरक केन्द्रहरु, योजना व्यवस्थापकको वेव साईट तथा अन्य विभिन्न माध्यमहरु मार्फत प्राप्त गर्न सक्दछन् ।

**12) Is it required to open new Demat account to purchase the units of 'NIBL Sahabhagita Fund'?**

No, it is not required for the investors to open new Demat account to purchase the units of 'NIBL Sahabhagita Fund'. They can buy/sell the units through their existing Demat account maintained at any DPs.

# NIBL Sahabhagita Fund

**१३. के "एनआईबिएल सहभागीता फण्ड" का इकाईहरु कारोवार गर्न छुट्टै नँया डिम्याट वा ब्रोकर खाता खोल्नु पर्छ ?**

"एनआईबिएल सहभागीता फण्ड" का इकाईहरु कारोवार गर्न छुट्टै नँया डिम्याट वा ब्रोकर खाता खोल्नु पर्दैन् तर डिम्याट खाता भने अनिवार्य रहेको हुनु पर्दछ र जुनसुकै निक्षेप सदस्यकोमा रहेको आफ्नो डिम्याट खाता मार्फत कारोवार गर्न सकिन्छ ।

**13) How much one investor can invest in 'NIBL Sahabhagita Fund'?**

The minimum units' upto 100 (Nepalese Rupees One Thousand) and maximum units' upto 100,000,000 can be hold/invested in NIBL Sahabhagita Fund by single investor.

**१४. एउटा लगानीकर्ताले "एनआईबिएल सहभागीता फण्ड" को कति इकाईहरुसम्म कारोवार गर्न सक्दछ ?**

एउटा लगानीकर्ताले "एनआईबिएल सहभागीता फण्ड" को न्यूनतम १०० इकाई र अधिकतम १००,०००,००० कित्ता भन्दा बढी नहुने गरी इकाई खरिद बिक्री गर्न सक्नेछ ।

**14) What is the size of 'NIBL Sahabhagita Fund'?**

The size of the scheme is not fixed. Size of the scheme may increase when investors purchase the units and decrease when investors redeem the units.

**१५. 'एनआईबिएल सहभागीता फण्ड' को आकार कति हो ?**

"एनआईबिएल सहभागीता फण्ड" को कुनै निश्चित आकार हुदैन् । यस योजनाका इकाईहरु लगानीकर्ताहरुले खरिद गरेमा आकार बढ्न जान्छ भने बिक्री गरेमा आकार स्वतः घट्ने गर्दछ ।

**15) Where the investors get their units of 'NIBL Sahabhagita Fund'?**

The investors can get their units of NIBL Sahabhagita Fund in dematerialized form in their respective Demat account. The fund manager will arrange to debit or credit the units of 'NIBL Sahabhagita Fund' from the Demat account accordingly.

**१६. "एनआईबिएल सहभागीता फण्ड" को खरिद गरिएको इकाईहरु लगानीकर्ताहरुले कहाँ प्राप्त गर्दछन् ?**

लगानीकर्ताहरुले "एनआईबिएल सहभागीता फण्ड" को खरिद गरिएको इकाईहरु आ-आफ्नो डिम्याट खातामा अभौतिकिकरण भइ प्राप्त गर्ने गर्दछन् । साथै, योजना व्यवस्थापकले लगानीकर्ताहरु आफुले खरिद/बिक्री गरेका इकाईहरु सम्बन्धित डिम्याट खातामा झिक्ने वा राख्ने कार्यको व्यवस्था मिलाउनेछ ।

**16) Right of Unit holders**

The unit holders shall have rights as provided in the prevailing acts/regulations/rules. However, the voting rights on investment made by the fund will rest on the discretion of fund Manager.

**१७. इकाईधनीहरुको अधिकार :**

इकाईधनीहरुले सामुहिक लगानी कोषसँग सम्बन्धित ऐन, कानून, नियमावली, निर्देशिकाहरुमा व्यवस्था भए बमोजिमका सम्पूर्ण अधिकारहरुको उपयोग गर्न पाउनेछन् । तर, योजनाले लगानी गरेका कम्पनीहरुको साधारण सभा वा अन्य शेयरधनीहरुको चुनावमा मतदान गर्ने अधिकार योजना व्यवस्थापकमा अन्तर्निहित रहेको हुन्छ ।